(सूचनाको हक सम्वन्धी ऐन, २०६४ कों दफा ५(३) तथा सूचनाको हक सम्वन्धी नियमावली २०६५ को नियम (३) बमोजिम सार्वजनिक गरिएको)

२०८२ श्रावण देखि २०८२ असोज मसान्तसम्म सम्पादित प्रमुख क्रियाकलापहरु

(स्वतः प्रकाशन)

जिल्ला समन्वय समितियको कार्यालय, उदयपुर

फोन नं. ०३५४२२१४३ इमेल ddcudayapur@gmail.com

कार्तिक २०८२

जिल्ला समन्वय समितिको कार्यालय उदयपुर, गाईघाट

बिषयसुची

१ कार्यालयको स्वरुप र प्रकृतिः ३

२ जिल्ला समन्वय समितियको काम, कर्तव्य र अधिकार ३

३ जिल्ला समन्वय समितिको कार्यालयमा रहने कर्मचारीको संख्या र दरवन्दी विवरण ५

३.१ हाल कार्यरत कर्मचारीहरुको बिबरण ६

४ जिल्ला समन्वय समितिको कार्यालयबाट प्रदान गरिने सेवा ७

५ सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधी ७

६ निर्णय गर्ने प्रक्रिया र अधिकारी ७

७ निर्णय उपर उजुरी सुन्ने अधिकारी ७

८ सम्पादन गरिएका मुख्य मुख्य कामहरु ८

८.१ बैठकहरु आयोजना ८

८.२ अनुगमन सम्वन्धी कार्य ९

८.३ अन्य कार्यहरु ९

८.४ प्रतिबेदन सम्बन्धी कार्यहरु ९

९ सूचना अधिकारी प्रवक्ता र प्रमुखको नाम र पद ९

१० अन्तरसम्बन्धित ऐन, नियम र निर्देशिकाको सूची १०

११ आम्दानी, खर्च तथा आर्थिक कारोवार १०

जिल्ला समन्वय समितिको कार्यालय
उदयपुर, गाईघाट
कोशी प्रदेश
२०७३

१ कार्यालयको स्वरुप र प्रकृतिः

नेपालले संघ, प्रदेश, र स्थानीय तह गरी तीन तहको शासकीय संरचना सहितको संघीय शासन प्रणाली अवलम्बन गरेको छ। नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४, र अन्य प्रचलित कानुनहरूले स्थानीय तहमा नगरपालिका र गाउँपालिकालाई स्थानीय सरकारको रूपमा स्थापित गरेका छन्। यस प्रणालीले स्थानीय तहलाई अधिकार सम्पन्न बनाउँदै स्वशासनको अभ्यासलाई सुदृढ गरेको छ।

जिल्ला समन्वय समितिको कार्यालयको स्थापना, २०७३ फागुन ३० मा भएको हो। नेपालमा संघीयता कार्यान्वयन भए सँगसँगै स्थानीय तहको रुपमा जिल्ला समन्वय समितिको कार्यालय गठन भएको देखिन्छ। नेपालको संविधानको धारा २२० को उपधारा (७) मा रहेको प्रावधान तथा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ बमोजिम गठन भएको जिल्ला समन्वय समितिमा जम्मा ९ जना पदाधिकारीहरु रहने व्यवस्था छ । एक जना जिल्ला समन्वय समिति प्रमुख, एक जना जिल्ला समन्वय समिति उपप्रमुख र सात जना निर्वाचित जिल्ला समन्वय समिति सदस्यहरु रहनेछन। त्यसै गरी दैनिक प्रशासनिक कार्य सञ्चालनको लागि एक जना जिल्ला समन्वय अधिकारी सहित दरवन्दी अनुसार अन्य निजामती कर्मचारीहरु रहने व्यवस्था छ। संविधान, संघीय सरकार तथा प्रदेश सरकारबाट पारित ऐन, नियम, कानून तथा कार्यविधि साथै मापदण्ड बमोजिम संघ, प्रदेश तथा स्थानीय सरकार वीच समन्वयकारी भूमिकाको जिम्मेवारी यस समिति/कार्यालयलाई दिईएको छ। बार्षिक रुपमा हुने जिल्ला सभा एवं जिल्ला समन्वय समितिको बैठकहरुबाट भए गरेका निर्णयहरु साथै सम्बन्धित निकायहरुबाट तोकिएका कार्यहरु सम्पन्न साथै कार्यान्वयन गर्ने कार्य यस जिल्ला समन्वय समितिको कार्यालयबाट हुने गरेको छ।

२ जिल्ला समन्वय समितियको काम, कर्तव्य र अधिकार

विशेषतः यस जिल्ला समन्वय समितिको प्रमुख कार्यहरूमा जिल्लाभित्रका स्थानीय तहहरू (नगरपालिका र गाउँपालिका) बीच समन्वय कायम गर्नु, संघ, प्रदेश र स्थानीय सरकारबीच

सहकार्य प्रवर्द्धन गर्नु, विकास योजनाहरूको अनुगमन तथा मूल्यांकन गर्नु, सेवाप्रवाहमा देखिएका समस्याको समाधान गर्नु, दोहोरोपन हटाई स्रोतको प्रभावकारी प्रयोग सुनिश्चित गर्ने गरी विकास योजना समन्वय गर्नु, विवाद समाधान तथा सहजीकरण गर्नु, सूचना संकलन र व्यवस्थापन गर्नु, र जिल्लाको समग्र विकास तथा सेवाप्रवाह सम्बन्धी वार्षिक प्रतिवेदन तयार गर्नु पर्दछ। साथै, समितिले स्थानीय तहहरूलाई कानुनी, प्राविधिक तथा अन्य आवश्यक सहयोग पनि प्रदान गर्छ।

नेपालको संविधान,२०७२ को धारा २२० को उपधारा (७) मा उल्लेखित काम, कर्तव्य र अधिकारका अतिरिक्त स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद १२ ले तोकेको जिल्ला समन्वय समितिको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) जिल्ला भित्रका गाउँपालिका वा नगरपालिका बीचको विकास निर्माणका विषय पहिचान गर्न तथा व्यवस्थापन गर्न आवश्यक समन्वय गर्ने।

(ख) जिल्ला भित्र सरकारी तथा गैर सरकारी क्षेत्रबाट संचालित विकास निर्माण सम्वन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारीता तथा ब्यवस्थापनका विभिन्न चरणमा अनुगमन गर्ने, त्यस्ता कार्यक्रमको प्रतिफलका सम्वन्धमा क्षेत्र वा समुदायगत,विषय क्षेत्रगत र पर्यावरणीय सन्तुलन कायम गर्न आवश्यक सुझाव वा मार्गदर्शन दिने र त्यसरी दिएका सुझाव वा मार्गदर्शनलाई सार्वजनिक गर्ने।

(ग) जिल्ला भित्रका गाउँपालिका तथा नगरपालिकाको क्षमता विकासको लागि प्रदेश तथा संघसँग समन्वय गर्ने।

(घ) जिल्लामा रहने संघीय वा प्रदेश सरकारी कार्यालय र गाउँपालिका तथा नगरपालिका वीच समन्वय गर्ने।

(ङ) जिल्ला भित्रका गाउँपालिका तथा नगरपालिका वीच कुनै विवाद उत्पन्न भएमा सो को समाधानका लागि समन्वय तथा सहजीकरण गर्ने ।

जिल्ला समन्वय समितिको कार्यालय उदयपुर, गाइघाट

(च) जिल्ला भित्रको प्राकृतिक प्रकोप तथा विपद ब्यवस्थापन सम्वन्धी योजना र कार्यको समन्वय गर्न ।

(छ) जिल्ला भित्रको विकास तथा निर्माण सम्वन्धी कार्यमा सन्तुलन कायम गर्न गैरसरकारी संघ संस्था तथा निजी क्षेत्रसँग समन्वय गर्ने ।

(ज) जिल्ला भित्रको विकास तथा निर्माण सम्वन्धी कार्यमा सन्तुलन भए नभएको सम्वन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरी विकास निर्माण सम्वन्धी कार्यमा सन्तुलन गर्नको लागि मन्त्रालय,स्थानीय तह सम्वन्धी विषय हर्ने प्रदेश सरकारको मन्त्रालय तथा आवश्यकता अनुसार सम्वन्धीत गाउँपालिका तथा नगरपालिकालाई समेत सुझाव दिने ।

(झ) आफ्नो काम कारवाहीको सम्वन्धमा मन्त्रालय र स्थानीय तह सम्वन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयलाई प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिना भित्रमा प्रतिवेदन दिने।

(ञ) जिल्ला भित्रको विकास तथा निर्माणलाई प्रभावकारी बनाउनको लागि बर्षको कम्तिमा एक पटक वार्षिक समिक्षाको कार्यक्रम आयोजना गरी सो जिल्लावाट संघीय संसद र प्रदेश सभामा प्रतिनिधित्व गर्ने संसद सदस्यलाई आमन्त्रण गरी सुझाव लिने ।

(ट) नेपाल सरकार वा प्रदेश सरकारले तोकेका अन्य कार्य गर्ने ।

३ जिल्ला समन्वय समितिको कार्यालयमा रहने कर्मचारीको संख्या र दरवन्दी विवरण

पद	दरवन्दी संख्या	रिक्त दरवन्दी संख्या	कैफियत
जिल्ला समन्वय अधिकारी	१	-	
शाखा अधिकृत	१	-	

जिल्ला समन्वय समितिको कार्यालय उदयपुर, गाईघाट

इन्जिनियर	१	-	
नायव सुब्बा	१	-	
लेखापाल	१	-	
सव-इन्जिनियर	१	-	
खरिदार	१	-	
हलुका सवारी चालक	२ (सेवा करार)	-	
कार्यालय सहयोगी	३ (सेवा करार)		
जम्मा	१२	-	

३.१ हाल कार्यरत कर्मचारीहरुको बिबरण

१) श्री आशिष अर्याल जिल्ला समन्वय अधिकारी, रा.प द्धितिय श्रेणी

२) श्री सृजना क्षेत्री, शाखा अधिकृत, रा.प तृतीय श्रेणी, व्यवस्थापन प्रशासन शाखा

३) श्री महेन्द्र चौधरी ईन्जिनियर, रा.प तृतीय श्रेणी, अनुगमन तथा मूल्याङ्कन शाखा

४) श्री दिपक पोखरेल, ना.सु, रा.प अनं प्रथम श्रेणी, व्यवस्थापन प्रशासन/जिन्सी शाखा

५) श्री दिक्षा सापकोटा लेखापाल, रा.प अनं प्रथम श्रेणी, आर्थिक प्रशासन शाखा

६) श्री दिलिप कुमार यादब, सब ईन्जिनियर, रा.प अनं प्रथम श्रेणी, अनुगमन तथा मूल्याङ्कन शाखा

७) श्री सुवाश विक, खरिदार, रा.प अनं द्धितिय श्रेणी, व्यवस्थापन प्रशासन शाखा

८) श्री संजिब कटुवाल, ह.स.चा, जिससको कार्यालय

९) श्री कृष्ण बहादुर बि.क, ह.स.चा, जिससको कार्यालय

१०)श्री बरिया चौधरी, कार्यालय सहयोगी, जिससको कार्यालय

११)श्री सोनिका परियार, कार्यालय सहयोगी, जिससको कार्यालय

१२)श्री रचना राई, कार्यालय सहयोगी, जिससको कार्यालय

जिल्ला समन्वय समितिको कार्यालय उदयपुर, गाईघाट कोशी प्रदेश २०७३

४ जिल्ला समन्वय समितिको कार्यालयबाट प्रदान गरिने सेवा

(क) यस समन्वय समितिबाट विभिन्न निकायबाट माग भएका जानकारीहरु, सूचना माग सम्वन्धी सूचनाको हक सम्वन्धी ऐन/नियम अनुसार प्रदान गरिने गरिएको।

(ख) जिल्लासभाबाट स्विकृति भएका कार्यक्रमको सम्झौता अनुसार जि.स.स.मौज्दात कोषमा रहेको रकम निकासा गर्ने गरिएको।

(ग) स्थानीय तहहरु र विभिन्न संघ, संस्थाहरु एवं कार्यालयहरु वीच समन्वय र आवश्यकता अनुसार बैठक वस्ने गरिएको।

(घ) संघीय एवं प्रदेश सरकार मातहत कार्यालयहरुबाट भए गरेका विकास निर्माणका योजनाहरुको अनुगमन गरी प्रतिवेदन दिने गरेको।

(ङ) स्थानीय तहहरुको आवश्यकता अनुसार समन्वय एवं अनुगमन गर्ने गरिएको।

५ सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधी

(१) स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार व्यवस्था भएमा सोही अनुसार,

(२) जिल्ला सभाद्धारा पारित गरिएका कार्यहरुको समय तोकिएकोमा सोही अनुसार,

(३) सूचनाको हक सम्वन्धी नियमावली २०६५ को नियम ४ बामोजिम

(४) अन्य प्रचलित कानूनले तोके बमोजिमको समय र दस्तुर ।

६ निर्णय गर्ने प्रक्रिया र अधिकारी

सम्वन्धित शाखाहरुबाट कार्य उठान भई जिल्ला सभा/जिल्ला समन्वय समिति/ कार्यालय प्रमुखबाट निर्णयहरु हुनेछन ।

७ निर्णय उपर उजुरी सुन्ने अधिकारी

जिल्ला समन्वय समिति प्रमुख/जिल्ला समन्वय अधिकारी ।

जिल्ला समन्वय समितिको कार्यालय
उदयपुर, गाइघाट
कोशी प्रदेश

८ सम्पादन गरिएका मुख्य मुख्य कामहरु

८.१ बैठकहरु आयोजना

जिल्ला समन्वय समिति,उदयपुरको आर्थिक वर्ष २०८२/०८३ को पहिलो त्रैमासिकमा भएका बैठक तथा कार्यक्रमहरु निम्नानुसार सम्पन्न भएको छ।

सम्पन्न बैठकहरु र मिति	बैठक संख्या
जिल्ला समन्वय समितिको बैठक	
मिति २०८२ साल श्रवण, २३ गते	३ पटक
मिति २०८२साल भाद्र ३१ गते	
मिति २०८२साल असोज ०५गते	
नदिजन्य तथा खानीजन्य जिल्ला अनुगमन समितिको बैठक	
मिति २०८२साल भाद्र ०२ गते	२ पटक
मिति २०८२ साल असोज २३गते	
स्थानीय तहहरुको असल अभ्यास सम्वन्धी अनुभव आदान प्रदान कार्यक्रम मिति २०८२साल भाद्र ४ गते	१ पटक
जाल्पा एकिकृत विकास समाज र हुरेण्डेक,उदयपुरद्धारा संचालित जिल्ला परियोजना सल्लाहकार समितिको बैठक मिति २०८२साल भाद्र १५गते	१ पटक
वित्तिय संस्थाहरु, कृषि उद्यमी तथा सरोकारवालाहरु वीच अन्तरक्रिया कार्यक्रम मिति २०८२ भाद्र २० गते	१ पटक
संविधान दिवस तथा राष्ट्रिय दिवस २०८२, मनाउने सन्दर्भमा आवश्यक तयारी बैठक मिति २०८२ साल भाद्र २२ गते	१ पटक
ओरेक नेपाल, उदयपुर र सम्भव संस्थाद्धारा संचालित परिवारिक सहयोग,माया र छलफलद्धारा सम्वन्ध सुदृढ गर्ने कार्यक्रम मिलाप र त्यसको प्रभावकारीता अध्ययन सम्वन्धी बैठक मिति २०८२ भाद्र २२गते	१ पटक
संविधान दिवस तथा राष्ट्रिय दिवस २०८२, को अवसरमा अन्तरक्रिया कार्यक्रम मिति २०८२साल असोज ३ गते	१ पटक

जिल्ला समन्वय समितिको कार्यालय उदयपुर, गाईघाट कोशी प्रदेश २०७३

८.२ अनुगमन सम्वन्धी कार्य

✓ त्रियुगा नगरपालिक अन्तर्गत विभिन्न नदिहरुबाट ढुङ्गा, गिट्टी, वालुवा,उत्खनन, विक्रि वितरण तथा व्यवस्थापन गर्ने सन्दर्भमा उक्त नगरपालिकाबाट स्वीकृत प्रारम्भिक वातावरणीय प्रतिवेदन (Initial Environmental Examination) उपर ढुङ्गा, गिट्टी, वालुवा,उत्खनन, विक्रि वितरण तथा व्यबस्थापन सम्वन्धी मापदण्ड २०७७ मा भएको प्रावधानबमोजिम जिल्ला अनुगमन समितिको बैठक पूर्व उक्त नदि/खोला/साईटहरु को अनुगमन गरिएको।

८.३ अन्य कार्यहरु

✓ संविधान दिवस तथा राष्ट्रिय दिवस २०८२ को अवसरमा मिति २०८२ साल असोज ३ गते अन्तरक्रिया कार्यक्रम आयोजना गरी जिल्लास्थित सरकारी निकाय तथा सरोकारवालाहरुसंग छलफल गरिएको ।

✓ जिल्ला समन्वय समितिको कार्यालयको भवनको तला थप गर्ने कार्य भइरहेको छ।

८.४ प्रतिबेदन सम्बन्धी कार्यहरु

- स्थानीय सरकार सन्चालन ऐन २०७४ को परिच्छेद १२ दफा ९२ (झ) बमोजिम आर्थिक बर्ष २०८१।८२ को जिल्ला समन्वय समितिको कार्यालय उदयपुरको बार्षिक प्रतिबेदन तयार गरी मूख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय कोशी प्रदेशमा प्रेषित गरिएको।
- उदयपुर जिल्ला अन्तर्गतका स्थानीय तहहरुको सामाजिक विकास शाखा/महिला बालबालिका तथा जेष्ठ नागरिक इकाईको अनुगमन प्रतिवेदन तयार गरी महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा प्रेषित गरिएको।

९ सूचना अधिकारी प्रवक्ता र प्रमुखको नाम र पद

क्र.स	पद	नाम	सम्पर्क फोन	ईमेल ठेगाना
१	जिल्ला समन्वय समिति प्रमुख	गौर बहादुर विश्वकर्मा	९८५२८३५७१३	कार्यालयको ठेगाना

जिल्ला समन्वय समितिको कार्यालय
उदयपुर, गाईघाट
कोशी प्रदेश

२	जिल्ला समन्वय अधिकारी	आशिष अर्याल	९८५२८८७२२२	ddcudayapur@gmail.com
३	सुचना अधिकारी	दिपक पोखरेल	९८५२८२०१९८	

१० अन्तरसम्बन्धित ऐन, नियम र निर्देशिकाको सूची

(क) नेपालको संविधान; २०७२

(ख) स्थानीय सरकार संचालन ऐन,२०७४

(ग) संघ प्रदेश र स्थानीय तह समन्वय तथा अन्तर सम्बन्ध ऐन

(घ) जिल्ला सभा तथा जिल्ला समन्वय समितिका सदस्यहरुको सुविधा सम्बन्धि ऐन, २०७५

(ङ) जिल्ला समन्वय समिति मौज्दात कोष संचालन निर्देशिका, २०७५

(च) जिल्ला सभा संचालन ऐन, २०७५.

(छ) ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७

(ज) संघीय सरकार एवम् प्रदेश सरकारबाट जारी गरिएका अन्य सम्वन्धित ऐन, कानून र निर्देशिका, मापदण्डहरु

११ आम्दानी, खर्च तथा आर्थिक कारोवार

बजेट उपशीर्षक नम्बरः	३६५००१०५३	आर्थिक बर्ष	२०८२।८३
आयोजना/कार्यक्रम नामः	जिल्ला समन्वय समितिको कार्यालयहरु	महिना	असोज

खर्च/वित्तीय संकेत नम्बर / नाम	**अन्तिम बजेट**	**यस महिना सम्मको खर्च**	**बाँकी बजेट**
१.३.५.१२ कार्यक्रम खर्च (वार्षिक प्रगति समीक्षा तथा स्थानीय तहको अनुभव आदान प्रदान सहित)	६००,०००.००	५०,१२०.००	५४९,८८०.००
१.३.५.१३ अनुगमन मूल्याङ्कन तथा भ्रमण खर्च	१,१००,०००.००	१६०,८८१.००	९३९,११९.००

जिल्ला समन्वय समितिको कार्यालय
उदयपुर, गाईघाट
कोशी प्रदेश
२०७३

१.३.५.५ पारिश्रमिक (स्वीकृत दरवन्दीका कर्मचारीको पारिश्रमिक र जि.स.स. पदाधिकारीको सुविधा)	१०,१२७,०००.००	२,९२२,१३३.१८	७,२०४,८६६.८
१.३.५.६ नीजि सचिवालय करार कर्मचारी (१ जना)	४६२,०००.००	१०४,१९०.००	३५७,८१०.०
१.३.५.९ अनिवार्य दायित्व सहितका कार्यालय संचालन खर्च (पानी विजुली, संचार महशुल, ईन्धन, मर्मत, .	३,६००,०००.००	४७६,८५२.७०	३,१२३,१४७.३
जम्मा	**१५,८८९,०००.००**	**३,७१४,१७६.८८**	**१२,१७४,८२३.१**

जिल्ला समन्वय समितिको कार्यालय
उदयपुर, गाईघाट
कोशी प्रदेश
२०७३

दिपक पोखरेल
सूचना अधिकारी
२०८२/०६/१४